# कर्मचारी (स्तरवद्धि, वृत्ति विकास, प्रोत्साहन) व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८

**प्रस्तावना :**

बगनासकाली गाउँकार्यपालिका कार्यालयका कर्मचारीहरुको स्तर वृद्धि, प्रोत्साहन, वृत्ति विकास लगायतका कार्य गर्नका लागि कानूनी व्यवस्था गर्न बनेको बगनासकाली गाउँपालिका कर्मचारी स्तरवद्धि, वृत्ति विकास, प्रोत्साहन व्यवस्थापन ऐन, २०७८ को दफा ११ ले दिएको अधिकार प्रयोग गरि कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "कर्मचारी (स्तरवद्धि, वृत्ति विकास, प्रोत्साहन) व्यवस्थापन गर्न सम्बन्धी कार्यविधि २०७८" रहेको छ ।

२. यो कार्यविधि कार्यपालिकाबाट पारित भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "ऐन" भन्नाले बगनासकाली गाउँपालिका कर्मचारी (स्तरवद्धि, वृत्ति विकास, प्रोत्साहन) व्यवस्थापन ऐन, २०७८ लाई सम्झनु पर्दछ ।

(ख) "कर्मचारी" भन्नाले कर्मचारी समायोजन ऐन २०७५ जारी हुँदाका बखत बगनासकाली गाउँपालिकाको स्थायी सेवामा कार्यरत कर्मचारी, समायोजनको क्रममा सरकारी सेवाबाट तथा अन्य स्थानीय तहबाट समायोजन भई यस गाउँपालिकामा कामकाज गर्न खटाईएका र कर्मचारी समायोजन हुँदाका बखत तह वृद्धि नभई यस गाउँपालिकामा समायोजन भएका सरकारी तथा अन्य सेवाका स्थायी कर्मचारीलाई सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले बगनासकाली गाउँपालिका कर्मचारी (स्तरवद्धि, वृत्ति विकास, प्रोत्साहन) व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ लाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ वमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ङ) "गाउँपालिका" भन्नाले बगनासकाली गाउँपालिकालाई सम्झनु पर्दछ ।

(च) "कार्यपालिका" भन्नाले बगनासकाली गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) "कार्यालय" भन्नाले बगनासकाली गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

**३. दरखास्त आह्वान गर्ने** : (१) ऐनको दफा ३ बमोजिम स्तर वृद्धि गर्नका लागि कार्यालयले ७ दिनको म्याद दिई दरखास्त आह्वान सम्बन्धी सूचना प्रकाशन गर्ने छ ।

(२) सूचना प्रकाशन भएपछि तोकिएको म्याद भित्र स्तर वृद्धि हुन चाहने कर्मचारीले अनुसूची १ बमोजिमको ढाँचामा दरखास्त पेश गर्नेछ ।

**४. समितिको काम** : दरखास्त संकलन गर्ने, शैक्षिक योग्यता, कार्यसम्पादन मुल्याङ्कन लगायत दरखास्त साथ पेश भएका कागजातहरु रुजु गर्ने र स्तर बृद्धिका लागि सिफारिस गर्ने ।

**५. सिफरिस गर्ने** : ऐनका दफा ३ बमोजिम स्तरवृद्धि गर्दा ऐनको  दफा ४ बमोजिमको समितिले कार्यविधिको दफा ३ अनुसार प्राप्त भएका दरखास्त उपर छानविन गरि स्तरवृद्धि तथा ग्रेड वृद्धिको लागि सिफारिस गर्नेछ ।

**६. स्तरवृद्धि पत्र दिने:** (१) स्तरवृद्धि भए पश्चात गाउँकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतले अनुसुची २ बमोजिमको ढाँचामा स्तरवृद्धि भएको पत्र दिनुपर्ने छ ।

**७. मापदण्ड बमोजिम हुने** : (१) साविकमा स्थानिय निकायमा स्थायी रुपमा सेवा प्रवेश गरी गाउँपालिकामा समायोजन तथा पदस्थापन भएका र समायोजन हुदाका बखत बढुवा नभएका कर्मचारीहरुको स्तर बृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कुनै मापदण्ड/कार्यविधि/निर्देशिका जारी भएमा सोही बमोजिम हुनेछ ।

अनुसुची १

कार्यविधिको दफा ३ को उपदफा २ सँग सम्बन्धित्

**स्तर वृद्धिको लागि दरखास्त फारमको नमूना**

कर्मचारीको नाम थर :

कर्मचारीको संकेत नं.: बाबुको नाम :

बाजेको नाम : स्थायी ठेगाना :

नागरिकता नं. :

शुरु नियुक्ति मिति : शुरु नियुक्ति पद :

हालको पद/तहमा नियुक्ति/बढुवा मिति :

हालको पद/तहमा नियुक्ति/बढुवा भएको कार्यालय :

समायोजन भएको मिति : समायोजन भएको कार्यालय :

समायोजन संसोधन भएको मिति : समायोजन संसोधन भएको कार्यालय :

शैक्षिक योग्यता सम्बन्धी विवरण :

| सि.नं. | उत्तीण गरेको तह | शैक्षिक उपाधी दिने संस्था | उत्तीर्ण श्रेणी | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | एस एल सी | | | |
| २ | प्रमाण पत्र तह | | | |
| ३ | स्नाताक तह | | | |
| ४ | स्नाकोत्तर तह | | | |

माथि पेश गरेका व्यहोरा सबै साँचो छन् ।

कर्मचारीको दस्तखत :

कर्मचारीको औठाछाप

| दायाँ | वायाँ |
|---|---|
| | |

अनुसूची २

कार्यविधिको दफा ५ को उपदफा (२) सँग सम्बन्धित

**स्तरवृद्धि पत्रको नमूना**

पत्र संख्याः

चलानी नं. मिति :

महाशय,

विषयः स्तरवृद्धि गरिएको ।

बगनासकाली गाउँपालिकाकाका “कर्मचारी (स्तरवद्धि, वृत्ति विकास, प्रोत्साहन) व्यवस्थापन ऐन, २०७८” को दफा ३ तथा कर्मचारी (स्तरवद्धि, वृत्ति विकास, प्रोत्साहन) व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८ को दफा ४ को सिफारिस बमोजिम यस कार्यालयमा स्तरवृद्धि समितिको मिति ......... .. को निर्णय अनुसार स्तरवृद्धि भएको मिति देखि ज्येष्ठता कायम हुने गरी तपाईलाई देहाय बमोजिमको तहमा स्तरवृद्धि नियुक्ति गरिएको छ ।

“स्तरवृद्धि हुनु भएकोमा हार्दिक बधाई छ” ।

## तपसिल

| हालको पद, तह र कार्यालय | स्तरवृद्धि गरिएको तह र कार्यालय |
|---|---|
| तहः<br>सेवाः<br>समुहः<br>कार्यालयः | तहः<br>सेवाः<br>समुहः<br>कार्यालयः |

श्री
बगनासकाली गाउँकार्यपालिकाको कार्यालय, पाल्पा

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौ ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश, मुकाम बुटवल,रुपन्देही ।
श्री कर्मचारी सञ्चयकोष, बुटवल, रुपन्देही ।
श्री नागरिक लगानीकोष, काठमाण्डौ ।
श्री आर्थिक प्रशासन शाखा, बगनासकाली गाउँकार्यपालिकाको कार्यालय, चिर्तुङधारा, पाल्पा ।

मिति : २०७८।११।२२

**स्थानीय तहका कर्मचारी व्यवस्थापन सम्वन्धि सूचना ।**

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन, २०७४ जारी हुनु भन्दा अगाडि स्थानीय निकायको स्वीकृत दरवन्दीमा स्थायी नियुक्त भएका स्थानीय तहमा स्वत समायोजन / साविक जिल्ला विकास समितिको कार्यालयमा स्थायी नियुक्ति भई यस बगनासकाली गाउँपालिकामा समायोजनका बखतमा तह बृद्धि नभएका स्थायी कर्मचारीहरुलाई बगनासकाली गाउँपालिकाको **स्थानीय तहका कर्मचारी व्यवस्थापन ऐन२०७८कोदफा** ४ बमोजिम  तह बृद्धिग्रेड/ थप गरी एक पटकका लागि मात्र  समायोजन तह बृद्धि मिलान /तथा ग्रेड बृद्धिगरी कर्मचारी व्यवस्थापन गर्नुपर्ने भएको हुंदा यस बगनासकाली गाउंपालिकामा कार्यरत योग्यता पुगेका कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितीले ७ दिन भित्र रितपुर्वकको निवेदन दिनुहुन अनुरोध छ ।

(प्रमुख प्रशासकीय अधिकृत)